मिति २०६६/०४/३० गते बखुण्डोल भ्याण्डोल सामाजिक तथा शैक्षिक सरोकार समाज, धु.नं.पा. ७ र का.वि. वार्ता कमिटिका सदस्यहरु बिच भएको अनौपचारिक छलफलमा मिति २०६६/०४/३० मा गरिएको सम्झौतामा उल्लेख गरिएको संयन्त्र एक हप्ता भित्र निर्माण गरि सक्ने र छात्रवृत्ति तथा रोजगारी सम्बन्धि (बुदाँ नं. १०) निर्णय समेत सोही संयन्त्रको पहिलो बैठकमा गर्ने सहमति भयो ।

काठमाडौं विश्वविद्यालय तर्फबाट

वार्ड नं. ७ बखुण्डोल भ्याण्डोल
सामाजिक तथा शैक्षिक सरोकार समाज

काठमाडौं विश्वविद्यालय र धुलिखेल नगरपालिका वडा नं ७ स्थित बखुण्डोल, भ्यान्डोल सामाजिक तथा शैक्षिक सरोकार समाजको बीच धुलिखेल नगरपालिका तथा जि.प्र.का धुलिखेलको रोहवरमा देहाय बमोजिम सहमति भयो ।

<u>पृष्ठभूमि</u> : काठमाडौं विश्वविद्यालयको प्रारुप काठमाडौं भ्यालीक्याम्पस स्थापनाको सिलसिलामा वि.सं. २०४४/२०४५ सालतिर क्याम्पसकोलागि जग्गा प्राप्ति, बाटो, पानी, बत्ती, ढलनिकास आदि पूर्वाधार निर्माणको सन्दर्भमा भएको अनौपचारिक समझदारीहरुलाई लिपिवद्धगरी नगरपालिकाको रेकर्डमा सुरक्षित र संस्थागत गर्ने उदेश्यले यो सहमति गरिएको हो ।

(१) काठमाडौं भ्यालिक्याम्पस स्थापना गर्दा प्रमाणपत्र तहमा २ सिट भर्ना दिने मौखिक सहमति नगरपालिका मार्फत दिने गरिएकोमा भ्यालिक्याम्पसले विश्वविद्यालयको स्वरुप लिएको, साइन्स र इन्जिनियरिङ्का Undergraduate का कार्यक्रमहरु विस्तार भएको तर I.Sc. को भर्ना स्थगन गरिएको सन्दर्भमा KU ले स्थानीय वासिन्दालाई साइन्स र इन्जिनियरिङ्ग तर्फ Undergraduate तहमा वर्षको ३ सीट र स्नातकोत्तर तहमा वर्षको एक सीट पूर्ण छात्रवृति दिइने छ । छात्रवृतिको सिफारिस बखुण्डोल, भ्याण्डोल शैक्षिक सरोकार समाजद्वारा निर्मित दफा ५ बमोजिमको संयन्त्रको सिफारिसमा वडा नं. ७ कार्यालय मार्फत गरिनेछ ।

(क) KU स्थापनार्थ यस स्थानीय बासिन्दाहरुको योगदानलाई कदर गर्दै यस काठमाडौं विश्वविद्यालयद्वारा जे जति सुविधा उपलब्ध हुन्छ उक्त सुविधा यस वडा नं. ७ का बखुण्डोल र भ्याण्डोलका स्थानीय बासिन्दाहरुले उपयोग गर्न पाउने छन् । साथै छात्रवृत्तिको कोटामा दक्ष र उच्च अंकको आधारमा निमुखा निर्धन र जग्गादाताका छोराछोरीलाई पनि पहिलो प्राथमिकता दिइनेछ । कुनै वर्ष छात्रवृत्ति पाएको विद्यार्थी अनुत्तिर्ण भएमा त्यसको बदलामा अन्यलाई उक्त छात्रवृत्ति मेरिट बेसिसमा दिइनेछ । साथै कुनै वर्ष कुनै पनि फ्याकल्टीमा उक्त छात्रवृत्ति यस स्थानीयबासीहरुको लागि सधै नै उक्त कोटा पुरा सुरक्षित राखिनेछ ।

(ख) कुनै वर्ष उपदफा (क) बमोजिमको निमुखा निर्धन विद्यार्थीहरु नभएमा वडा नं. ७ मा कम्तिमा ५ वर्ष देखि स्थायी बसोबास गरि भोट रजिष्टरमा नाम भएको, आर्थिक रुपमा शुल्क तिरेर पढन नसक्ने परिवारलाई प्राथमिकता दिइने छ । १०+२ जहाबाट गरिएको भएतापनि उक्त छात्रवृत्ति कोटामा पढ्न दिइनेछ ।

(ग) त्यसरी नै प्राथमिकता सूचिमा स्थानीय दलित, द्वन्दपिडित, सुकुम्वासी, टुहुरो बालबच्चालाई प्राथमिकता दिइने छ ।

(घ) छात्रवृतिको लागि सिफारिस गरिएको विद्यार्थीको न्युनतम भर्ना योग्यता पुगेको हुनुपर्ने छ ।

(ङ) छात्रवृत्ति पाउने विद्यार्थीले KU छात्रवृत्ति सम्बन्धी नियम पालना गर्नुपर्नेछ ।

(च) कुनै पनि विद्यार्थीले छात्रवृत्ति पाउदा स्थानीय कोटाबाट वा स्थानीय कर्मचारीका छोराछोरीको नाताले पाउनेमध्ये एउटा मात्र पाउनेछ ।

(२) स्थानीय वासिन्दालाई रोजगारीको लागि पहिलो प्राथमिकता दिने समझदारी संस्थागत गर्न सर्वप्रथम २०४४ सालमा KU मा जग्गा पर्ने वडा नं. ७ का घरधुरी परिवारको सूची बनाउने सो सूची यहि सहमतिपत्रको अनुसूचि १ को (क) बमोजिम हुनेछ । अनुसूचि (१) मा सुचिकृत परिवारमध्ये १ जनाले पनि हालसम्म KU मा रोजगारी नपाएका परिवारका इच्छुक सदस्यलाई पहिलो प्राथमिकता दिई योग्यता अनुसारको पदमा करार सेवामा विज्ञापन गरेर भर्ना गरि काठमाडौं विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सर्त नियम २०५० अनुसार संस्थागत गरिनेछ । त्यसपछि बाकि स्थानीय बासिन्दाहरुलाई रोजगारीको प्राथमिकता दिदै रोजगारीको व्यवस्था मिलाइनेछ । यस दफाको कार्यान्वयन यसै शैक्षिक सत्रदेखि लागू हुनेछ र यो कार्यलाई आगामी दिनहरुमा पनि निरन्तरता प्रदान गरिनेछ ।

(३) काठमाडौं विश्वविद्यालयले प्रदान गर्ने व्यवसायीक अवसरहरु, यातायातका साधन (साना तथा ठुला) विभिन्न सामान सप्लाई, फोटोकपि निर्माण सम्बन्धि पेटी Contract, अमानतबाट गरिने कार्यहरु, क्यान्टिन, Fast Food आदि स्थानीयबासीलाई (बखुण्डोल र भ्याण्डोल) वडा नं. ७ लाई व्यवसायिक अवसरहरुमा गुणस्तर तथा मुल्यांकनको प्रतिस्पर्धामा आउन सकेका स्थानीय व्यवसायीहरुलाई प्राथमिकता दिइनेछ ।

(४) काठमाडौं विश्वविद्यालय देखि २८ कि.लो. सम्मको मुल सडकमा सबै स्थानबाट २ वटा बस पास हुन सक्ने गरि बाटो फराकिलो पार्ने । यस कार्यमा KU, वडा नं. ७ नागरिक समाज र धुलिखेल नगरपालिकाले संयुक्त पहल गर्ने ।

(५) उपरोक्त दफाहरु छात्रवृत्ति, रोजगारीका साथै सम्पूर्ण कार्य सफल तथा विवाद मुक्त कार्यान्वयन गर्न र बिचबिचमा KU र स्थानीय समाज बीच हुन सक्ने किचलो, सिमा समस्या, बाटोघाटो र मुआब्जा सम्बन्धी विवाद समाधान गर्न संयुक्त संयन्त्र निर्माण गरिने छ । उक्त संयन्त्रमा बखुण्डोल र भ्याण्डोलबाट ३ जना र वडा नं. ७ का वडा अध्यक्ष समेत गरी ४ जना र KU बाट पदेन हैसियतले ३ जना रहनेछन् ।

(६) स्कुल अफ साइन्स र इन्जिनियरिङ्ग अन्तर्गतका कार्यक्रमहरुमा आफ्नै खर्चले पढ्न चाहने स्थानीय विद्यार्थीहरुलाई भर्नामा प्राथमिकता दिइनेछ तर यसरी भर्नामा प्राथमिकता दिदा KU ले तोकेको न्युनतम प्राज्ञिक मापदण्ड पुगेको हुनुपर्ने । यस्तो सिफारिस संस्थागत गर्न दफा ५ बमोजिमकै संयन्त्र क्रियाशील हुनेछ ।

(७) KU लाई आवासिय स्वरुप प्रदान गर्न KU भित्र पर्याप्त ल्यावहरु, होस्टलहरु र आवास गृहहरु भएकाले चौबीसै घण्टा पानीको आपुर्ति गर्नका लागि न्युनतम दैनिक १,००,००० लिटरको आपुर्तिको प्रबन्ध गर्न सम्बद्ध निकायहरुमा संयुक्तरुपमा पहल गरिनेछ ।

(८) स्थानीय जनसमुदायले वडा नं. ७, ८ र ९ भित्र प्लसटु साइन्स कलेज स्थापना गरेमा उक्त कलेजको गुणस्तर कायम राख्न KU ले आवश्यक प्राज्ञिक सहयोग एवं सहकार्य गर्नेछ ।

(९) स्थानीय सामाजिक तथा शैक्षिक सरोकार समाज (बखुण्डोल र भ्याण्डोल) र KU बीचको सम्बन्धलाई उच्चस्तरमा विकसित गर्न KU को सभा समितिहरुमा स्थानीय सहभागिता

बिस्तार गर्न वडाबासीको अपेक्षा र मागलाई KU ले सम्बन्धीत निकायमा ससम्मान पेश गर्नेछ ।

(१०) समाजका केहि दक्ष तथा अर्धदक्ष, केही बेरोजगार युवाहरुलाई यथासक्य छिटो सीपमूलक तालिम दिई उपयुक्त स्थानमा, KU मा रोजगारी उपलब्ध गराउने जिम्मेवारी पनि दफा ५ बमोजिमको संयन्त्रले लिनेछ । यस्ता रोजगारीका विषयहरु निरन्तर र नियमित गर्दै लगिनेछ ।

(११) यस काठमाडौं विश्वविद्यालयले कालान्तरमा विकसित हुने स्वरुप सगै माथिका बुदाहरुलाई पनि गठित संयन्त्रसग परामर्श गरी विकसित एवं परिमार्जित गर्दै लगिनेछ ।

(१२) यस काठमाडौं विश्वविद्यालय र स्थानीयबासी (बखुण्डोल र भ्याण्डोल) बीचको सुमधुर सम्बन्ध कायम राख्न, व्यवस्थित गर्न, स्वच्छ वातावरण कायम गर्न यस संयन्त्रद्वारा सदा पहल गर्नेछ ।

(१३) माथि उल्लेखित बुंदाहरु कार्यान्वयन भएनभएको र अन्य कुनै पनि विषयमा छलफल गर्न बुंदा नं. ५ को संयन्त्रले मासिक एकपटक बैठक बस्ने व्यवस्था के.यु.द्वारा मिलाइनेछ ।

<u>हस्ताक्षरका पक्ष</u>

<u>काठमाडौं विश्वविद्यालयको तर्फबाट</u>
१) डा. भोला थापा
(२) श्री मुकुन्द प्रसाद उपाध्याय
(३) डा. रोशनमान बज्राचार्य

बखुण्डोल/भ्याण्डोल सामाजिक तथा शैक्षिक ( सरोकार समाज (<u>वडा नं. ७</u>) बाट
(१) युद्ध बहादुर थापा
(२) रामकृष्ण कर्माचार्य
(३) पृथ्वी थापा
(४) उत्तम तिमल्सिना
(५) जयराम थापा
(६) यज्ञ प्रसाद थपलिया
(७) युधिष्ठर पण्डित

रोहवर

<u>जिल्ला प्रशासन कार्यालयबाट</u>
(१) शिवराम गेलाल- स.प्र.जि.अ.

<u>धुलिखेल नगरपालिकाबाट</u>
(१) पिताम्बर नारायण श्रेष्ठ, इन्जिनियर